फोन 081-530151, 530338, 531323
टोलफ्री नं 1660 81 52052
वेबसाइट www.nepalgunjmun.gov.np
इमेल nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगञ्ज बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

**सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि तालिम प्रदायक संस्थाहरुलाई प्रस्ताव पेश गर्ने बारे अत्यन्त जरुरी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०।०८।०६)**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०८०।०८१ का लागि स्वीकृत लामो र छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम अन्तर्गत् टायल, मार्बल फिटर तालिम (३ महिना, कूल ३९० घण्टा), मोबाईल मर्मत तालिम (३ महिना, कूल ३९० घण्टा) र कूक तालिम (४५ दिन, कूल १८५ घण्टा) कार्यक्रम सञ्चालन गरि उक्त तालिमको माध्यमबाट उनीहरुको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने उद्धेश्यका साथ देहायका तालिम कार्यक्रमहरु सेवा खरिद मार्फत् सञ्चालन गर्नुपर्ने भएकोले प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन लिई उक्त क्षेत्रमा आवद्ध ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका तालिम प्रदायक संस्था/कम्पनिहरुलाई गुणस्तर तथा लागत विधिका माध्यम बाट सेवा खरिद गरि तालिम सञ्चालन गर्नुपर्ने भएकोले देहाय बमोजिमको अधिकतम लागत अनुमानित रकममा के कति घटि दरमा सञ्चालन गर्न सकिने हो ? तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुन: अर्को एक खाममा राखि उक्त खाम शिलबन्दी गरि शिलबन्दी खाम सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ ।

| सि.नं. | तालिमको नाम | प्रति व्यक्ति दर | संख्या | जम्मा लागत अनुमान रु (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | टायल, मार्बल फिटर तालिम (३ महिना, कूल ३९० घण्टा) | १९,९१६।२५ | २३ | ४,५८,०७३।७५ |
| २ | मोबाईल मर्मत तालिम (३ महिना, कूल ३९० घण्टा) | २८,४५०।- | २४ | ६,८२,८००।- |
| ३ | कूक तालिम (४५ दिन, कूल १८५ घण्टा) | १४,८८७।७५ | २३ | ३,४२,४१८।२५।- |
| जम्मा | | | ७० जना | १४,८३,२९२।- |

**<u>प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :</u>**

(१) नियमानुसार सम्बन्धित निकाय, अन्य स्थानीय तह वा यस उप-महानगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट चालू आ.व. मा उल्लेखित तालिम सञ्चालन गर्ने गरि लिएको सम्बन्धनको प्रमाणपत्र, (३) मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र, (४) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (५) आ.व.२०७९।०८० को लेखा परिक्षण प्रतिवेदन (आन्तरिक राजस्व कार्यालयबाट म्याद थप भएको भए पत्र) (६) आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाणपत्र (आन्तरिक राजस्व कार्यालयबाट म्याद थप भएको भए पत्र) (७) आफ्नै कार्यालय भएको वा बहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (८) उप-महानगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका कर चुक्ता गरेको, (९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१०) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको हुनुपर्नेछ, (११) साझेदारीमा (Joint Venture) मा काम गर्न चाहेमा बढिमा २ वटा संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदारी गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई दुवै संस्थाका अध्यक्ष वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दस्तखत गरी संस्थाको छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ, (१२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम बिच तालमेल भएको हुनुपर्नेछ, (१३) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ, (१४) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको, प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्थाका साथै स्थानीय संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ, (१५) ३ (तिन) वटै तालिमको विषयमा प्रस्ताव पेश

ओजबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

081-53 )151,530338,53/ 5323
टोलफ्री न 1660 8 52052
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

गरेको हुनुपर्नेछ र प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि प्रमाणितका साथै संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ । (१६) प्रस्ताव नेपाली भाषामा तयार गरेको हुनुपर्नेछ र प्रस्तावको ढाँचा आफखुशी प्रयोग गर्न सकिने छ । (१७) प्रस्ताव दर्ता गर्दा रु १०००।- (एकहजार, राजस्व फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा नगद बुझाई रसिद पेश गर्नुपर्नेछ । (१८) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०८० मंसिर २० गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१९) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (२०) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५३६४१/५३०३१६ वा सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०८०/०८/०५

(ओमबहादुर खड्का)
प्रमुख प्रशासकीय अधिकृत

टोलफ्री नं. 1660 81 52052
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८०/०८१ का लागि स्वीकृत लामो र छोटो अवधिका सीपमूलक तालिम कार्यक्रमको प्रस्तावना पेश सम्बन्धी कार्यक्षेत्रगत शर्त (TOR)**

**यस उप-महानगरपालिकाले चालू आ.व. २०८०/०८१ मा स्वीकृत लामो र छोटो अवधिका सीपमूलक तालिम अन्तर्गत् टायल, मार्बल फिटर तालिम (३ महिना, कूल ३९० घण्टा), मोबाईल मर्मत तालिम (३ महिना, कूल ३९० घण्टा) र कूक तालिम (४५ दिन, कूल १८५ घण्टा) कार्यक्रमहरु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन लिई नियमित तालिम सञ्चालन गरिरहेका तालिम प्रदायक संस्थाहरुबाट गुणस्तर र लागत विधि अपनाई सेवा प्रदायक संस्था छनौट गर्नुपर्ने भएकोले यस कार्यालयबाट मिति २०८०।०८।०६ गते प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गर्नका लागि देहाय बमोजिम कार्यक्षेत्रगत शर्त स्वीकृत गरिएको छ ।**

**१. प्रस्तावको भाषा :** नेपाली हुनुपर्नेछ ।

**२. कार्यक्रमको पृष्ठभूमी :**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८०/०८१ का लागि स्वीकृत माथि उल्लेखित सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरि स्वरोजगार बनाउने उद्धेश्य रहेको छ । सो प्रयोजनार्थ तालिमको प्रचलित समय, अवधि, विषयवस्तु लगायत न्यूनतम मापदण्डका आधारमा तालिम सञ्चालन गरि स्वरोजगार उन्मुख गराउन सक्ने CTEVT बाट सम्बन्धन लिई नियमित तालिम सञ्चालन गरिरहेका तालिम प्रदायक संस्थाहरु मध्येबाट प्रतिष्पर्धात्मक विधि मार्फत् योग्य संस्था छनौट गर्नुपर्ने भएकोले सो कार्यका लागि प्रस्ताव तयार गर्ने कार्यका साथै संस्था छनौटमा समेत सहयोग पुगोस भन्ने अभिप्रायले यो कार्यक्षेत्रगत शर्त (ToR) तयार गरिएको छ ।

**३. कार्यक्रमको उद्देश्य तथा लाभान्वित वर्ग :**

यस उप-महानगर क्षेत्रमा स्थायी बसोबास गरिरेहका १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका आर्थिक रुपले विपन्न महिला, मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, थारु, सीमान्तकृत लोपोन्मुख अल्पसंख्यक, फरक क्षमता, फरक पहिचान भएका, अपांगता, द्वन्द पिडित, गरिब किसान, मजदूर र साना व्यवसायी समूहका युवायुवतीहरुको सहभागीतामा सीपमूलक तालिम प्रदान गरि स्वरोजगारमा संलग्न गराई आर्थिक सशक्तिकरणमा टेवा पुरयाउनु रहेकाले प्रस्तावदाताले प्रस्ताव तयार गर्दा उक्त कुरालाई मनन गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

**४. प्रस्ताव तयार गर्दा उल्लेख गर्नुपर्ने विषयहरु :**

- प्रस्तावको ढाँचा आफूखुशी प्रयोग गर्न सकिनेछ । कार्यक्षेत्रगत शर्त (TOR) का साथै सूचनामा उल्लेख भएका विषयहरु अनिवार्य पालना गरेको हुनुपर्नेछ ।

**५. प्रस्ताव तयार गर्दा देहायका विषयमा बढीमा १० (दश) पेज भित्र समेटिने गरि पेश गर्नुपर्नेछ :**

- (क) संस्थाको छोटो परिचय एक पेज मात्र (ख) संस्थागत अनुभव र क्षमता दुई पेज मात्र (ग) मुख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव दुई पेज (घ) ३ वटै तालिम कार्यक्रमका

२०८०।८।१५

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

साथै कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता तिन पेज (ङ) कार्यालय भवन तथा भौतिक सामाग्री एक पेज मात्र (च) व्यवस्थापकिय क्षमता एक पेज मात्र ।

- कार्यक्षेत्र र कार्य अवधि : सहभागी प्रशिक्षार्थीहरुको छनौट, सम्बन्धित वडा कार्यालयहरुले गरि नगर कार्यपालिकामा नामावली उपलब्ध गराउनेछ र सोहि आधारमा नगर कार्यपालिका कार्यालयले तालिम सञ्चालनका लागि छनौट भई सम्झौता भएको संस्थालाई प्रशिक्षार्थीहरुको नामावली उपलब्ध गराउनेछ । चालू आ.व. २०८०।०८१ को वैशाख मसान्त भित्र सम्पन्न गरिसक्नुपर्ने कार्य अवधि निर्धारित गरिएको छ ।
- प्रस्तावदाताले कार्यक्रम सञ्चालनको प्रारम्भिक चरण देखि कार्यसम्पन्न पश्चात् खर्चको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको प्रक्रियागत विषयहरु उल्लेख गर्ने ।
- कार्यक्रमको नाम, संचालन गर्ने विधि : प्रस्ताव पेश गर्दा ३ वटै तालिममा प्रस्ताव पेश गरेको हुनुपर्नेछ, सो अनुसार पेश नभएमा स्वतः प्रस्ताव रद्ध भएको मानिनेछ । यसको संचालन विधि सैद्धान्तिक, प्रयोगात्मक र सिकाई उपलब्धिको मूल्याङ्कन समेत उल्लेख गर्नुपर्नेछ ।
- कुनै २ वटा संस्थाहरु आपसमा मिली ज्वाईन्ट भेन्चर (संयुक्त) हुने गरि एउटा प्रस्ताव पेश गर्नसक्नेछन तर पेश गर्दा नेतृत्व गर्ने संस्थाले मात्र प्रस्ताव पेश गर्न पाउनेछ । ज्वाईन्ट भेन्चर र नेतृत्व गर्ने संस्था सम्बन्धि विषयमा दुवै संस्थाका प्रमुखद्धारा संयुक्त पत्रमा उक्त विषयहरु उल्लेख गरि दस्तखत र छाप लगाई प्रमाणित कागजात प्रस्ताव साथ पेश गरेको हुनुपर्नेछ ।
- तालिम कार्यक्रम सञ्चालन, अनुगमन तथा कार्यसम्पन्न पश्चात उनीहरुलाई स्वरोजगारमा संलग्न गराउने सुनिश्चितता सहित संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् ।
- व्यवसायीक परामर्श तथा बजार विस्तार : सीप सिकेका व्यक्तिहरुद्वारा उत्पादनमूलक व्यवसाय सञ्चालन गर्न चाहेमा उत्पादित बस्तुहरुको सरल र सहज बिक्री व्यवस्थापनको लागि बजारीकरण, सञ्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्ने योजना के कस्तो रहने हो प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।
- कार्य योजना : प्रस्तावित ३ वटै तालिम कार्यक्रम कार्यान्वयन गर्न सकिने खालको कार्ययोजना र सो को पुष्ट्याई सहित पेश गर्नुपर्नेछ ।
- सीप परिक्षण : तालिम लिएका प्रशिक्षार्थीहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट नियमित सीप परिक्षण गराउने समयमा प्रशिक्षार्थीहरुलाई आवेदन भर्न लगाई परिक्षामा सहभागीता गर्ने गरी समन्वयकारी भूमिका खेल्ने गरि प्रस्तावमा उल्लेख गरेको हुनुपर्ने छ ।
- अनुगमन तथा मूल्याङ्कन विधि : सहभागि छनौट, तालिमको सञ्चालन/व्यवस्थापन, तालिम समापन, सार्वजनिक परिक्षण गरे, नगरेको विषयमा अनुगमन तथा पृष्ठपोषण विधि उल्लेख गर्ने ।
- जनशक्ति : सूचनामा उल्लेखित तालिम कार्यक्रम सञ्चालन गर्ने र समग्र तालिम व्यवस्थापन गर्ने विषयगत क्षेत्रका जनशक्तिहरुको शैक्षिक योग्यता, अनुभव/क्षमता, कार्यकुशलता उल्लेख गरिएको व्यक्तिगत बायोडाटा सहित भरपर्दो जनशक्तिको पुष्ट्याई उल्लेख गर्नुपर्नेछ ।

**६. प्राविधिक तथा आर्थिक प्रस्ताव :** प्रस्तावको ढाँचा आफुखुशी प्रयोग गर्न सकिनेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुनः अर्को एक खाममा राखि शिलबन्दी खाम सहित तयार गरि पेश गर्नुपर्नेछ । प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि प्रमाणितका साथै संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ ।

२०८०।१२।१४

ओम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**
पेश भएका प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिनेछ । प्रस्तावनाको कूल अंकभार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको कूल अंकभार ८० र प्राप्तांङ न्यूनतम ४० प्रतिशत हुनेछ । न्यूनतम अंक प्राप्त गर्ने परामर्शदाता संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिनेछ र आर्थिक प्रस्तावको कूल अंकभार २० कायम गरिएको छ । दुवै प्रस्तावमा उच्चतम अंक प्राप्त गर्ने सेवा प्रदायक संस्थालाई छनौट गरिनेछ ।

**८. तालिम कार्यक्रमको भुक्तानी व्यवस्थापन :** कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् प्रगतिका आधारमा भुक्तानी दिइनेछ । पेश्की उपलब्ध हुनेछैन । तालिम प्रदायक संस्था छनौट पश्चात् सम्झौताका शर्तहरु आपसी सहमतिमा तयार गरि द्विपक्षिय सम्झौता गरिनेछ ।

**९. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक आशयका लागि अनिवार्य भएकोले उक्त शर्तहरु पुरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पुरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

*१०. प्रस्ताव स्वीकृत, अस्वीकृत वा रद्ध सम्बन्धी जुनसुकै निर्णय गर्ने अधिकार यस कार्यालयमा अन्तरनिहित रहनेछ । यसमा उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।*

***नोट : प्रस्तुत शीर्षक अन्तर्गत रही सेवा प्रदायक संस्थाले आवश्यक विवरणहरु प्रमाण सहित प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरी संस्थाको छाप लगाई प्रमाणित गरी पेश गर्नु पर्नेछ । यसका साथै छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न वाधा पर्ने छैन । यसमा उल्लेखित विषय वा अन्य थप विषयमा बुझ्नु परेमा यस कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा सम्पर्क राख्न सकिनेछ । साथै सूचना र कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयको ईमेल ठेगाना www.nepalgunjmun.gov.np मा गई हेर्न र डाउनलोग गर्न सकिनेछ ।***

*समाप्त ।*

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner